नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

सिहदरबार, काठमाडौं ।

## सूची दर्ता गराउने सम्बन्धी सूचना

( प्रकाशित मिति : २०८०/०४/१५)

यस केन्द्रबाट हुने प्राविधिक परीक्षणका लागि आवश्यक प्राविधिक परिक्षकहरुको मौजूदा सूची (Standing List) तयार पार्न प्राविधिक परीक्षक / फर्महरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार आवश्यक कागजात संलग्न गरी अनुसूची २ बमोजिमको आवेदन दर्ता गराउन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ । रित नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्ताहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस केन्द्रमा रहने छ ।

**क) आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

**(अ) संस्था निवेदकको लागि :-**

१) कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

२) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी ।

३) आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

४) कम्तिमा एकजना यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिम प्राप्त प्राविधिक परीक्षकको दस्तखत सहितको बायोडाटा, प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र तथा शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**आ) व्यक्तिगत निवेदकको लागि:-**

१) व्यक्तिगत विवरण (Bio–data) दस्तखत सहित प्रमाणपत्र।

२) यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिमको प्रमाणपत्र ।

३) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

**ख) सुचीकृत गरिने विषय :**

Road and Bridge, Building and Architecture, Irrigation, Water supply Sanitation, Electrical Mechanical, Electro–mechanical, Electronics, Tele–communication Hydropower, Hydrology

**ग) योग्यता :**

१) यस केन्द्रबाट प्रदान गरीएको प्राविधिक परीक्षक तालिम प्राप्त गरेको ।

२) कुनै पनि इन्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण भई सो योग्यताको आधारमा इन्जिनियरिङ्गसँग सम्बन्धित काममा कम्तिमा १० (दस) वर्षको व्यावसाहिक अनुभव भएको (General Experience)।

३) माथि उल्लिखित सूचीकृतमा गरिने विषयमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको (Specific Experience)।

नोट : आवेदन दिने व्यक्ति/फर्मले जुन विषयमा सूचिकृत हुने हो सो विषय खुलाई निवेदन पेश गर्नुपर्नेछ । साथै एक भन्दा बढि विषयमा सूचिकृत हुन चाहेमा छुट्टा छुट्टै निवेदन पेश गर्नुपर्नेछ ।